बैठक संख्या-७८

समय- बिहान ७:३० बजे

आज मिति २०८३ बैशाख १६ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं. का.वा. वडा अध्यक्ष | श्री हरि बास्कोटा | |
| ६) | ४ नं.का.वा.वडा अध्यक्ष | श्री केशव श्रेष्ठ | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं.२ –** आगामी आ.ब. ०८३/८४ को नगर सभाको लागि नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो।

| क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|
| स्रोत अनुमान समितिबाट स्वीकृत भएको बजेट तथा सिलिङ वडा तथा विषयगत समितिमा पठाउने | स्रोत अनुमान समिति/न.पा.को कार्यालय | २०८३ बैशाख २० गते भित्र |
| बस्ती स्तरमा योजना छनौट तथा संकलन | वडा कार्यालय | बैशाख मसान्तभित्र |
| वडा स्तरीय योजनाको प्राथिमिकिकरण गरी विषयगत समितिमा पठाउने | वडा कार्यालय | जेठ १५ भित्र |
| बिषयगत योजना नीति तथा कार्यक्रमको मस्यौदाको खाका तयारी | विषयगत समितिहरु | जेठ मसान्तभित्र |
| आन्तरिक आयको लागि कर शुल्क तथा दस्तुरका क्षेत्र तथा रेटहरु प्रस्ताव सिफारिस गर्ने | राजश्व परामर्श समिति | जेठ २५ भित्र |
| नगरको बजेट नीति तथा कार्यक्रमको अन्तिम खाका तयारी | बजेट तर्जुमा समिति | असार ५ गते भित्र |
| नीति बजेट तथा कार्यक्रम तयारी गरी नगर सभामा पेश गर्न स्वीकृत गर्ने | नगर कार्यापालिका बोर्ड | असार ७ गते भित्र |
| नीति बजेट तथा कार्यक्रम तयारी गरी नगर सभामा प्रस्ताव गर्ने | नगर प्रमुख, नगर उप प्रमुख | असार १० गतेभित्र |
| नीति बजेट तथा कार्यक्रम पारित गर्ने | नगर सभा | असार २५ गतेभित्र |

**निर्णय नं ३-** मिति २०८३।०१।१० गतेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारणसमितिको बैठकबाट सिफारिस भई आएको देहाय अनुसारको आगामी आ.ब. २०८३/८४ का लागि विषयगत क्षेत्र र वडाहरुलाई सिलिङ्ग तथा मार्गदर्शन पठाउने निर्णय गरियो।

| सि.नं | शाखाको नाम | बजेट सिलिङ रु. |
|---|---|---|
| १ | संस्थागत सुदृढिकरण तथा सुशासन समिति | 243,600,000.00 |
| २ | सामाजिक विकास समिति | 92,000,000.00 |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | |
|---|---|---|
| ३ | आर्थिक विकास समिति | 37,500,000.00 |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | 17,000,000.00 |
| ५ | पूर्वाधार विकास समिति | 353,265,576.00 |

## आ.ब. २०८३/८४ का लागि नगर सभामा पेश गर्ने नीति कार्यक्रम र बजेटको प्रस्ताव पेश गर्ने मार्गदर्शन

वडास्तरीय योजना तथा कार्यक्रमहरुको लागि प्रति वडा १ करोडको सिलिङ तय भएको हुदाँ उक्त सिलिङ् भित्र रही निम्नानुसारका योजना तथा कार्यक्रमहरुमा बजेट बिनियोजन प्रस्ताव गरि पठाईदिनुहुन ।

**निम्न**

१) वडा गौरवको कम्तीमा १ वटा योजना न्यूनतम २० लाख बजेटको प्रस्ताव गर्नुपर्ने ।

२) अधिकतम ८ वटा भौतिक पूर्वाधारका योजना प्रस्ताव गर्नुपर्ने । साथै उक्त योजना छनौट गर्दा न्यूनतम ५ लाखका योजना प्रस्ताव गर्नुपर्ने ।

३) भौतिक पूर्वाधारका अधुरा तथा क्रमागत योजनामा प्राथमिकता साथ बजेट प्रस्ताव गर्नुपर्ने ।

४) सानातिना मर्मत (बिजुलीपोल स्थानान्तरण, सडक बत्ती, नदी नियन्त्रण, ग्राभेल खरिद) जस्ता क्षेत्रमा अधिकतम रु १५ लाख बजेट बिनियोजन गरि प्रस्ताव गर्न सकिनेछ ।

५) आर्थिक सहायता/अनुदान जस्ता वितरणमुखी र अनुत्पादक क्षेत्रमा बजेट बिनियोजन नगर्ने ।

६) सामाजिक विकासको क्षेत्र (महिला, बालबालिका, दलित, आदिबासी, जनजाति र अशक्त ज्येष्ठ नागरिक सहित लक्षित समूह, खेलकुद विकास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा) बजेट सिलिङ्को १५% प्रतिशतले हुन आउने रकम १५ लाख सम्म को कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।

७) आर्थिक विकासको क्षेत्र (कृषि विकास, पशु विकास, उद्यम विकास तथा रोजगारी सिर्जना, सीप विकास तालिम, पर्यटन प्रवर्द्धन) मा बजेट सिलिङ्को १५% प्रतिशतले हुन आउने रकम १५ लाख सम्मको कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।

८) लागत १० लाख भन्दा कम हुने पूर्वाधार/ निर्माण सम्बन्धी योजनाहरुलाई मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने गरी योजना तर्जुमा गर्नुपर्नेछ ।

९) पुंजीगत खर्चमा बिनियोजन भएको रकम चालू खर्चमा बिनियोजन/रकमान्तर/संशोधन गर्न नपाईने भएकाले सोही अनुसार बजेट तथा कार्यक्रम तय गर्नुपर्नेछ ।

१०) सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा तर्जुमा गरिने बजेटमा कार्यक्रम तथा क्रियाकलाप विवरण खुलाउनुपर्नेछ । बजेट मुष्ठमा अवण्डा राख्न पाइने छैन ।

११) खरिद सम्बन्धी कुनै पनि कार्यमा उपभोक्ता समितिलाई संलग्नता नगराउने । यस नगरपालिकामा लागत सहभागिता/श्रमदान सहितको लागत अनुमानको सबै प्रकृतिका कार्य हुँदै आएकोमा भौतिक

संरचना निर्माण बाहेक खरिदसँग सम्बन्धित कार्य जस्तैः- ह्युमपाईप, खानेपानी पाईप, फर्निचर, विधुत् पोल जस्ता सामाग्री खरिद गर्ने प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत् योजना सञ्चालन नगराउने ।

१२) स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA/LGPAS) तथा महालेखा परीक्षकको प्रतिवेदन समेतबाट आएका सुझाव र मार्गदर्शनलाई आत्मसात गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार क्षेत्रमा तर्जुमा हुने कुनैपनि बजेटहरु अबण्डा नराखी स्पष्ट रुपमा कार्यक्रम तथा क्रियाकलाप तय गर्नुपर्नेछ ।

**आ.ब. २०८३/८४ का लागि नगर सभामा पेश गर्ने नीति कार्यक्रम र बजेटको प्रस्ताव पेश गर्ने बिषयगत समितिहरुको लागि मार्गदर्शन**

१. सम्बन्धित विषयगत समितिको बैठक बसि आ-आफ्नो समिति अन्तर्गत रहेका शाखाहरुको नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।
२. योजना तथा कार्यक्रमहरु तय गर्दा सहस्राब्दी विकास लक्ष्यको स्थानीयकरण गरी संकेत नं समेत उल्लेख गर्नुपर्नेछ । साथै लैङ्गिक संवेदनशील बजेटको आधारमा कार्यक्रमहरु वर्गीकरण समेत गर्नुपर्नेछ ।
३. पूँजीगत खर्च र चालु खर्च स्पष्ट खुलाई योजना तथा कार्यक्रमहरु तर्जुमा गर्नुपर्नेछ ।
४. कुनै पनि बजेट अबण्डा नराखी स्पष्ट क्रियाकलापहरु उल्लेख गरी तर्जुमा गर्नुपर्नेछ ।

**निर्णय नं. ४ –** चालू आ.व. ०८२/०८३ को योजना तथा कार्यक्रम अनुसार सम्झौता हुन बाँकी रहेका योजनाहरु २०८३ साल जेठ पहिलो हप्ताभित्रमा सम्झौता गरिसक्नुपर्ने र सबै योजनाहरु २०८३ असार १५ गते सम्ममा सम्पन्न गरिसक्नुपर्ने तथा उपभोक्ता समितहरु मार्फत संचालन भएका योजनाहरु आगामी आव.मा क्रमागत योजनाको रुपमा नसर्ने भएकोले असार १५ भित्र भए गरेका कामको मूल्याङ्कन गरि पेश गर्ने गरि सम्बन्धित वडाहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ -** बिर्तामोड नगरपालिका वडा नं. २ बस्ने निकेश मिश्रको घर उत्तर अतिक्रमण भएको सार्वजनिक पैनी र बिर्तामोड नगरपालिका वडा नं. १० बस्ने मनमाया देवानको विवादित जग्गामा रहेको पश्चिम तर्फको बाटो २०८३ साल जेठ १९ गते शनिबार विहान ८ बजे र सोही दिन दिउँसो २ बजे क्रमशः जनप्रतिनिधि र नगर प्रहरी तथा स्थानीय प्रशासनको समेत सहयोगमा खाली गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ -** बिर्तामोड नगरपालिका वडा नं ३ मा रहेको विराट भरत विश्रान्ति भवन निर्माणको लागि रु ९ लाख र प्रदेश सरकारबाट अग्रसेन भवनमा पेवर्स जडानको लागि समेत रु ९ लाख विनियोजन भएकोमा उक्त दुवै संस्था विशुद्ध सेवामूलक र गैरनाफामूलक संस्था भएको र नियम अनुसारको लागत सहभागिता जुटाउन

प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी [illegible] प्रसाई
नगर प्रमुख

कठिनाई देखिएकोले भरत विश्रान्ति भवनको लागि उपभोक्ताहरुको लागत सहभागिता रु ९२५२५(९.२७ प्रतिशत) र अग्रसेन भवन पेवर्स जडानको लागि उपभोक्ताहरुको लागत सहभागिता १० प्रतिशत कायम गरि योजना कार्यान्वयनको लागि उपभोक्ता समितिसंग सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ -** जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाको च.नं.११६७२ मिति २०८३।०१।१४ को अतिक्रमण जग्गाको विवरण पठाउने सम्बन्धी प्राप्त पत्र सम्बन्धित वडाहरुमा विवरण संकलनका लागि पठाउने र विवरण संकलन पश्चात आवश्यक कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयसंग समन्वय तथा सहकार्य गर्ने निर्णय गरियो। साथै बिर्तामोड अर्जुनधारा सिमाना महानन्द चोकबाट मुक्तिचोक हुँदै देवनिया सम्मको र चारपाने चैतुबारी बजार सम्मको सडकको Right of Way मा अनाधिकृत रुपमा निर्माण भएका संरचनाहरु हटाउन उक्त सडकको केन्द्र भागबाट दुवैतर्फ १५/१५ मिटर Right Of Way भित्र पर्ने जग्गाको नापजाँच गरि रेखाङ्कन गर्ने कार्य सडक विभागसंग समन्वय गरि ७ दिन भित्र सम्पन्न गर्न घर नक्सा शाखालाई जिम्मेवारी दिने र रेखाङ्कन कार्य सकिएपछि सडकको Right Of Way मा परेका संरचनाहरु खालि गर्न ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८-** चालू आ.व. मा कोशी प्रदेशबाट गरामनी कृषि बजार निर्माण र चारपाने बजार निर्माण कार्यमा बजेट प्राप्त भएकोमा गरामनी कृषि बजारमा सटर निर्माण गर्नेगरि ठेक्का बन्दोबस्त भएको र चारपाने बजार निर्माण गर्न स्थान साविकको सार्वजनिक जग्गा पैनीमा पर्ने देखिएकोले अर्को बिकल्प नभईन्जेल सम्मको लागि हाललाई दुवै योजना संचालन नगर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ९ -** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रकृया पुगी आएका देहायका फर्मलाई निर्माण सम्बन्धी कार्य गर्न इजाजत स्वीकृत दिने निर्णय गरियो।

देहाय

१. इमेहाङ कन्सट्रक्शन , बिर्तामोड ६ झापा।

**निर्णय नं. १० -** कोशी प्रदेश सरकारबाट प्राप्त देहायका थप भएका योजना तथा कार्यक्रम यहि आ.व. २०८२/०८३ को बजेटमा बजेट रकम समावेश गर्ने निर्णय गरियो।

देहायः

१. कालिका सनातन सेवा केन्द्र भवन निर्माण वि.न.पा. ७
२. रुपेश्वर पाञ्चायन मन्दिर प्रयावरणका लागि मर्मत सम्भार वि.न.पा. ४
३. सहिद रामनाथ दाहाल अध्ययन तथा अनुसन्धान मंच-सहिद संग्राहलय र पुस्तकालय निर्माण वि.न.पा. २

प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी [illegible] प्रसाई
नगर प्रमुख

४. सगात मार्ग प्राचिन क्याफे हुदै होटल हेभेन जाने बाटोमा पेवर्स जडान वि.न.पा. ५

५. मुस्लिमको को ब्रस्थान घेराबारा विश्राम घर र शौचालय समेत वि.न.पा. ७

६. शहिद नेत्रपार्क १०१ पर्यटन क्षेत्रमा सूचिकृत वि.न.पा. ७

७. श्री महेन्द्र रत्न मा.वि. घेराबारा तथा पर्खाल निर्माण वि.न.पा. ५

८. श्री अग्रसेन भवन परिसरमा पेवर्स जडान वि.न.पा. ५

**निर्णय नं. ११ -** बिर्तामोड नगरपालिका वडा नं. ५ अन्तर्गत बसपार्कबाट महेन्द्र राजमार्ग जाने बाटो मर्मत गर्न ग्राभेलिङ गरिएको रु ५८०००।– प्राविधिक मूल्याङ्कनको आधारमा गरिएको रकम सम्बन्धित फर्मलाई मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १२ -** नगर प्रमुखज्यूबाट आर्थिक सहयोगको रुपमा दिईने गरि निर्णय भएको रु २० हजार सम्मको रकम भुक्तान गर्दा सम्बन्धित व्यक्तिबाट विविध कारणले गर्दा बिल भरपाई प्राप्त हुन नसके पनि नागरिकताको प्रतिलिपि र बैंक खाता संलग्न राखि सम्बन्धित ब्यक्तिको खातामा जम्मा हुनेगरि भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१३ -** मिति २०८१।०६।१५ गते बिर्तामोड नगरपालिकाको बारुणयन्त्र मेचीनगरमा आगलागी निभाउन जाने क्रममा बिर्तामोड स्थित गिरी बन्धु चिया बगान छेउमा मे १ त ४१३८ नम्बरको ट्याक्टरलाई ठक्कर लागि क्षति भएको सो ट्याक्टर मर्मत गरे बापतको बिल मध्येबाट बीमा दावी गर्दा प्राप्त भएको रकम रु १,२५,३९०।– फारुक ट्याक्टर ग्यारेजलाई भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. १४ -** बिर्तामोड नगरपालिका वडा नं. ७ बस्ने गणेश बहादुर श्रेष्ठको घरमा मिति २०८२।१२।६ गते राति आएको हावाहुरी सहितको पानी र चट्याङले निजको घरको विद्युत मिटरमा आगो लागि विद्युतिय सामाग्रीहरुमा क्षति भएको र नीजको आर्थिक अवस्था ज्यादै कमजोर भएकाले निजलाई क्षतिपूर्ति बापत रु, ५०,०००।– (अक्षरेपि रु पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १५** बिर्तामोड नगरपालिका वडा नं.७ को वडा कार्यालयमा विद्युत जडान तथा विभिन्न टोल विकास संस्थाहरुमा सडक वत्ती जडान गर्न आगामी नगरसभाबाट अनुमोदन हुनेगरी उज्यालो नगर कार्यक्रम शिर्षकबाट रु २ लाख ६० हजार विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६-** बिर्तामोड नगरपालिका वडा नं.६,७ र ८ भएर वहने देउनिया खोलामा विगतको वाढीले ग्रेगान/ग्राभेल थुपारी खोलाको सतह उकास हुँदा बाढी बस्ति तर्फ पस्ने उच्च जोखिम भएको हुँदा उक्त स्थानहरु (वडा नं. ६ र ७ को सिमाना, भुजेल डाँडा, झोलुङ्गे पूल साईड, खालवाडी टोल, सिमसार टोल, पाथिभरा टोल,सिरिजंघा टोल ,खप्तालुङ टोल) र वडा नं. १० भित्र रहेको अदुवा खोला फेसबुक चोक दक्षिण वारदशी

पवित्रादेवी भट्टराई प्रसाई
नगर प्रमुख

वाँध उत्तरको क्षेत्रमा थुप्रिएको सामाग्री हटाई खोला सोझ्याउनु पर्ने भएकोले उक्त स्थानबाट थुप्रिएको सामाग्री हटाई वन जंगल क्षेत्रको संरक्षण समेत गर्ने गरी जिल्ला प्रशासन कार्यालय झापामा अनुमति माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ -** २०८२ भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनबाट क्षति भएका कार्यालयका सामाग्रीहरु मध्ये काम नलाग्ने सामाग्रीहरुलाई जिल्ला प्रशासन कार्यालयबाट मिनाहा स्वीकृत प्राप्त भएपछि लगतबाट हटाई कवाड सामाग्रीहरु यथाशिघ्र लिलाम बिक्रीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८ -** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मित २०८३।०१।१० को परिपत्र अनुसार भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी पत्रानुसार भूमिसुधार मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुदै आएको सेवाहरु यस नगरपालिकाबाट समेत प्रवाह गर्न ईच्छुक भएको हुँदा उक्त सेवा प्रवाहको आवश्यक व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९ -** चालू आ.व. मा भएका देहायका योजनाहरु आगामी नगरसभामा अनुमोदन हुनेगरि देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं | वडा | स्वीकृत योजना/कार्यक्रम | विनियोजित रकम | संशोधन हुने योजना तथा कार्यक्रमको नाम | संशोधन हुने रकम |
|---|---|---|---|---|---|
| १ | १ | वडा कार्यालय घेराबारा तथा रङरोगन | १००००० | वडा कार्यालय भवन मर्मत | १००००० |
| २ | ५ | ओम बुद्ध टोल रोड नं. २ नाला तथा पेवर्स जडान | ६०००००।– | ओम बुद्ध टोल रोड नं. २ मा प्लम तथा पेवर्स जडान | ६०००००।– |
| ३ | १० | जातिय भेषभुषा सहितको सैनिक महोत्सव | ४०००००।- | सडक ग्राभेल गरि मर्मत | ४०००००।- |

**निर्णय नं. २० -** फोहोर डम्पिङ गर्ने स्थल देउनिया खोला बि.न.पा. ६ मा तटबन्धन गर्न फोहोरमैला व्यवस्थापन शिर्षकमा विनियोजित रु ५० लाख बाट खर्च भई बाँकी रहेको रु २ लाख साठी हजार र विपद् व्यवस्थापन शिर्षकबाट रु २ लाख ४५ हजार गरी जम्मा रु ५ लाख ५ हजार विनियोजन गरी उपभोक्ता समितिबाट ५ प्रतिशत श्रमदान रहने गरी तटबन्धन गरि फोहोरमैला व्यवस्थापन गर्न निर्णय गरियो ।

**निर्णय नं. २१ -** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मार्फत आ.व. ०८२/०८३ का लागि स्थानीय तह मार्फत सञ्चालन हुने कार्यक्रममा यस नगरपालिकाको लागि २.७.२५.१५४० जेष्ठ नागरिक

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

तथा बाल उधान व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन मार्गदर्शन २०८२ मा रहेको रु १० लाख देहाय बमोजिम बिनियोजन गर्ने निर्णय गरियो।

१. वडा नं. ३ मा रहेको विराट पोखर पर्यटकीय क्षेत्रमा जेष्ठ नागरिकको लागि खूला व्यायमशाला निर्माण- रु ५ लाख।

२. वडा नं. ६ मा रहेको सरस्वती मा.वि.को खेलमैदानमा बालवालिकाको लागि खेलकुद सामाग्री तथा बाल उद्यान पार्क निर्माण – रु ५ लाख।

**निर्णय नं. २२ -** बिर्तामोड नगरपालिकाबाट ठेक्का लगाईएको बुट्टाबारी देखि प्याकुरेल चोकसम्म सडक स्तरोन्नति, वडा नं. ६, ७ र ८ ठेक्का नं.NP-DUDBC-273141-CW-RFB को कार्य गर्न श्री AARPEE/SAP/SAMATA –J.V संग मिति २०७९।०८।१६ गते सम्झौता भई मिति २०८२।०१।२८ (प्रथम पटक म्याद थप भई कायम भएको २०८२।११।२४ गते ) भित्र कार्य सम्पन्न गर्नेगरि सम्झौता भएकोमा सम्बन्धित निर्माण व्यवसायीले जेन्जी आन्दोलन, मनसुन, निर्वाचन, विभिन्न चाडपर्व तथा विविध कारणले परिमार्जित सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न गर्न नसकेकोले म्याद अवधि थपको लागि मिति २०८२।१०।२६ मा निवेदन दर्ता गरेको। यस सन्दर्भमा उक्त योजनाको Design and supervision Consultant(DSC) श्री D.B.M SILT-GANGA-RIDARC NEPAL-UDAY J.V को मिति २०८२।११।१७ गतेको सिफारिस समेतको आधारमा बिर्तामोड नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम (४२) को उपनियम (३) बमोजिम उक्त ठेक्काको मिति २०८२।११।२४ गतेदेखि २०८३।०२।२३ गते सम्म दोस्रो पटक म्याद अवधि थप गर्ने निर्णय गरियो।

**निर्णय नं. २३ -** नगर अस्पतालमा २४ सै घण्टा इमरजेन्सी सेवा संचालन गर्न अत्वाश्यक भएकोले क्यान्टिन निर्माण, पुरानो भवन माथी अस्थायी ट्रस निर्माण र कम्पाउन्ड वालमा फलामे अस्थायी घेराबारा गर्न लागत अनुमान तयार गरि निर्माण कार्य बढाउनका लागि आवश्यक बजेट निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार शिर्षकबाट व्यवस्थापन गरि प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. २४ -** प्रथम उपमेयर कप वडा स्तरिय भलिबल प्रतियोगिता २०८३ का लागि रु २ लाख बजेट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. २५** नगरपालिकाको कार्यवोझ बढ्दै गएको हुँदा थप १ जना प्रशासन सेवा तर्फको अधिकृतस्तरको दरबन्दी आगामी नगरसभाबाट अनुमोदन गर्नेगरी सृजना गर्ने निर्णय गरियो।

**निर्णय नं. २६ -** नगरपालिकाको आन्तरिक श्रोत बृद्धि गर्न व्यवसाय दर्ता तथा नवीकरण र घर वहाल कर संकलन सम्बन्धी सचेतनामूलक कार्यक्रम सहितको घुम्ति सेवा संचालन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी ... प्रसाई
नगर प्रमुख